January 31st, 2025

प्रमुख समाचार:

- दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको सम्बोधनसँगै संसदको बजेट अधिवेशन सुरु
- बजेट सत्रले २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न नयाँ आत्मविश्वास र ऊर्जा प्रदान गर्ने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विश्वास
- वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले भोलि आर्थिक वर्ष २०२४-२५ को केन्द्रिय बजेट प्रस्तुत गर्नुहुने
- जम्मू कश्मीरको पुन्च जिल्लामा सुरक्षा बलहरूसँगको भिडन्तमा दुई आतंककारी मारिएको पुष्टि
- अनि क्वालालम्पुरमा जारी आईसीसी U–19 महिला टी–२० विश्वकपको दोस्रो सेमिफाइनलमा भारतले इंग्ल्याण्डलाई 9 विकेटले पराजित गर्दै फाइनलमा प्रवेश

Prez Address

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विश्वव्यापी अस्थिरताका बीचमा आर्थिक, सामाजिक र राजनीतिक स्थिरताको स्तम्भका रूपमा भारतले विश्वसामु उदाहरण प्रस्तुत गरिरहेको बताउनुभएको छ। आज संसद भवनमा लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मुले सो कुरा बताउनुभएको हो। उहाँले सन् २०४७ सम्ममा देशका भावी पुस्ताहरू अवश्य विकसित, बलियो, सक्षम र समृद्ध भारतको रूपमा उभिने विश्वास व्यक्त गर्नुभयो। श्रीमती मुर्मुले प्रधानमन्त्री आवास योजनालाई देशभर विस्तार गर्ने निर्णय भएको बताउनुभयो।

राष्ट्रपतिले पाँच करोड आदिवासी जनजातिका लागि धरतीआबा जनजाति ग्राम उत्कर्ष अभियान सुरु गरिएको बताउनुभयो। राष्ट्रपतिले आफ्नो सरकारले आयुष्मान भारत योजना अन्तर्गत ज्येष्ठ नागरिकलाई स्वास्थ्य बीमा सुविधा दिने निर्णय गरेको बताउनुभएको छ।

Parliament

संसदको दुवै सदनको संयुक्त बैठकमा दिएको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको सम्बोधन आज दिउँसो लोकसभा र राज्यसभामा पेस गरियो। वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले सदनमा आर्थिक वर्ष २०२४-२५ को आर्थिक सर्वेक्षण पेस गरेपछि दुवै सदनको कार्यवाही दिनभरका लागि स्थगित गरिएको थियो।

Nirmala – Budget Parliament

आर्थिक वर्ष २०२५ मा देशको वास्तविक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ६ दशमलव चार प्रतिशतले बढ्ने अनुमान गरिएको छ। वित्तमन्त्री निर्मला सीतारमणले आज संसदको दुवै सदनमा प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षणमा यस्तो अनुमान गरिएको हो। आर्थिक सर्वेक्षणले कृषि र सेवा क्षेत्रको सहयोगमा मुलुकले स्थिर आर्थिक वृद्धि भएको देखाएको छ।

PM Biksit Bharat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न संसदको बजेट अधिवेशनले नयाँ आत्मविश्वास र ऊर्जा दिने विश्वास व्यक्त गर्नुभएको छ। संसदको बजेट सत्र सुरु हुनुअघि सञ्चारमाध्यमलाई सम्बोधन गर्दै श्री मोदीले विकसित भारतको संकल्प पूरा गर्ने बताउनुभयो।

प्रधानमन्त्रीले देशलाई विकसित राष्ट्र बनाउन सबै सांसदलाई योगदान दिन आग्रह समेत गर्नुभएको छ।

Nirmala - Budget

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले भोलि केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ। राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्तावमाथि सोमबार लोकसभा र राज्यसभामा छलफल हुनेछ।

BJP – Sonia – Comment

भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाले पूर्व कांग्रेस अध्यक्ष श्रीमती सोनिया गान्धीले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुमाथि गरेको टिप्पणीको निन्दा गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री नड्डाले भन्नुभएको छ, जानाजानी यस्ता शब्दहरू प्रयोग गर्नुले कांग्रेस पार्टीको गरीब विरोधी र आदिवासी विरोधी चरित्र देखाउँछ।

VP – Tribal

उपराष्ट्रपति श्री जगदीप धनखरले महिलाको योगदानविना देश समृद्ध हुन नसक्ने बताउनुभएको छ । आज नयाँ दिल्लीमा राष्ट्रिय महिला आयोगको स्थापना दिवस समारोहमा बोल्दै श्री धनखरले पहिलो पटक महिलालाई लोकसभा र विधानसभामा एक तिहाइ आरक्षणको संवैधानिक व्यवस्था गरेको बताउनुभयो । उपराष्ट्रपतिले कार्यस्थल, राजनीति वा अन्यत्र महिलामाथि हुने विभेदप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले राष्ट्रिय महिला आयोगलाई यसबारे सोच्न आग्रह गर्नुभएको छ।

Delhi Election

सत्तरी सिटको दिल्ली विधानसभा चुनावको प्रचारप्रसार चरम सीमामा छ । विभिन्न राजनीतिक दलका वरिष्ठ नेता तथा स्टार प्रचारकले सडक शो र ऱ्याली गरिरहेका छन् । निर्वाचनमा सबै दल र उम्मेदवारले मतदातालाई आकर्षित गर्न हरसम्भव प्रयास गरिरहेका छन् । यसै क्रममा भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिउँसो द्वारका क्षेत्रमा जनसभालाई सम्बोधन गर्दै दिल्लीको द्रुत विकासका लागि डबल इन्जिनको सरकारको खाँचो रहेको बताउनुभएको छ।

Mahakumbha – Judicial Committee

महाकुम्भमा भएको दुर्घटनाको कारण पत्ता लगाउन उत्तर प्रदेश सरकारले गठन गरेको न्यायिक आयोग आज प्रयागराज पुगेको छ । आयोगका सदस्यहरूले संगमघाटको भ्रमण गरी घटनाको कारण र अवस्थाबारे अनुसन्धान गर्नेछन् । महाकुम्भको संगम क्षेत्रमा गत बुधबार भएको दुर्घटनामा ३० जनाको मृत्यु भएको छ भने ६० जना घाइते भएका छन् । आयोगले आगामी दिनमा यस्ता घटना हुन नदिन सुझावसहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्नेछ ।

J & K Encounter

जम्मू - कश्मीरको पुन्च जिल्लाको नियन्त्रण रेखामा भएको गोलीबारीमा दुई आतंकवादी मारिएका छन्। सेनाले पुन्च जिल्लाको गुलपुर सेक्टर-आरको खारी करमारा क्षेत्रमा नियन्त्रण रेखाको छेउमा केही सशस्त्र आतंकवादीहरूको घुसपैठको प्रयासलाई विफल पार्यो। रातभर चलेको कारबाहीमा धेरै हतियार बरामद भएको छ । थप विवरण आउन बाँकी नै छ। घुसपैठ गर्ने प्रयास गर्ने आतंककारी पाकिस्तानी रहेको बुझिएको छ।

Punjab Accident

पञ्जाबको फिरोजपुरमा आज भएको सडक दुर्घटनामा ९ जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । यसैबीच, राज्य सरकारले दुर्घटनामा ज्यान गुमाएका प्रत्येक मृतकका आफन्तलाई २ लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गरेको छ ।

Sports News

खेल समाचारः

क्वालालम्पुरमा जारी आईसीसी U–19 महिला टी–२० विश्वकपको दोस्रो सेमिफाइनलमा भारतले इंग्ल्याण्डलाई 9 विकेटले पराजित गर्दै फाइनलमा पुगेको छ। उपाधि भिडन्तमा भारतले आइतबार दक्षिण अफ्रिकाको सामना गर्नेछ । पुरुष क्रिकेटमा भारत र इंग्ल्याण्डबीचको चौथो टी–२० अन्तर्राष्ट्रिय खेल आज पुणेस्थित महाराष्ट्र क्रिकेट संघ स्टेडियममा हुँदैछ । खेल साँझ ७ बजे सुरु हुनेछ। ३८औँ राष्ट्रिय खेलकुद प्रतियोगितामा आजदेखि भारोत्तोलन सुरु भएको छ। छत्तीसगढले दुई स्वर्ण पदक जित्दै प्रबल दावेदारको रुपमा उभिएको छ। तर समग्र पदक तालिकामा एक स्वर्ण, एक रजत र चार कांस्यसहित ६ महाराष्ट्र अग्रस्थानमा छ।

प्रमुख समाचार पुन: एकपटक

- दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको सम्बोधनसँगै संसदको बजेट अधिवेशन सुरु
- बजेट सत्रले २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न नयाँ आत्मविश्वास र ऊर्जा प्रदान गर्ने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विश्वास
- वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले भोलि आर्थिक वर्ष २०२४-२५ को केन्द्रिय बजेट प्रस्तुत गर्नुहुने
- जम्मू कश्मीरको पुन्च जिल्लामा सुरक्षा बलहरूसँगको भिडन्तमा दुई आतंककारी मारिएको पुष्टि
- अनि क्वालालम्पुरमा जारी आईसीसी U–19 महिला टी–२० विश्वकपको दोस्रो सेमिफाइनलमा भारतले इंग्ल्याण्डलाई 9 विकेटले पराजित गर्दै फाइनलमा प्रवेश